सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मुलखर्क, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल


सूचना नं. १२१-२०८२/८३ "संस्कृति, पर्यटन, कृषि र पूर्वाधार: समावेशी सुनकोशी समृद्धिको आधार"

## आर्थिक वर्ष २०८२/०८३ को सम्पत्ति विवरण पेश गर्ने सम्बन्धी सूचना ।

(प्रकाशित मिति २०८३/०३/२९)

प्रस्तुत विषयमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले र सार्वजनिक पदमा बहाल रहेको व्यक्तिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले आफ्नो तथा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अध्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकायमा पेश गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ।

उक्त कानुनी व्यवस्था बमोजिम सुनकोशी गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू, स्थानीय सेवाका स्थायी, अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरू तथा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरू आर्थिक वर्ष २०८२/०८३ को सम्पत्ति विवरण तोकिएको फाराममा स्पष्ट रूपमा भरी, आवश्यक प्रमाण तथा कागजात संलग्न गरी २०८३ साल भाद्र १५ गतेभित्र सुनकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन शाखामा तपसिल बमोजिमका विवरणका साथ खामबन्दी गरी अनिवार्य रूपमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| **कर्मचारीको हकमा** | **जनप्रतिनिधिको हकमा** |
|---|---|
| **आ.व. २०८२/०८३ को सम्पत्ति विवरण** | **आ.व. २०८२/०८३ को सम्पत्ति विवरण** |
| कर्मचारीको संकेत नं.: | नाम, थर: |
| नाम, थर: | पद: |
| पद/तह: | जिल्ला: |
| सेवा/समूह: | स्थानीय तह: |
| श्रेणी/तह: | वडा नं.: |
| कार्यरत कार्यालय: | मोबाइल नं.: |
| मोबाइल नं.: | ई-मेल ठेगाना: |
| ई-मेल ठेगाना: | |

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत